"कृषि, पर्यटन, उर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार"
# अन्नपूर्ण गाउँपालिका
# Annapurna Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
माछापोखरी, कास्की (Machhapokhari, Kaski)
गण्डकी प्रदेश नेपाल
Gandaki Province, Nepal

पत्र संख्या: २०८२/०८३
च.नः 404

मितिः २०८२।०७।२४

श्री सम्पूर्ण विद्यालयहरु
अन्नपूर्ण गाउँपालिका कास्की ।

विषयः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धमा ।

चालु शैक्षिक सत्र २०८२ मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्रा/छात्रहरु आ-आफ्नो समूह बीच स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८२ अन्तर्गत अन्नपूर्ण गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८२।०७।२३ को निर्णयानुसार मिति २०८२ मंसिर ४ गतेदेखि ६ गतेसम्म देहाय बमोजिम छैटौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन हुने भएकाले प्रतियोगितामा सहभागी हुन अन्नपूर्ण गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० पाचौं संशोधन सहितको अनुसूची-१ अनुसारको फारम भरी आवश्यक कागजात सहित रितपूर्वक प्रतियोगिता आयोजक समक्ष मिति २०८२ मंसिर ३ गते दिनको १:०० बजेभित्र सहभागी खेलाडीको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिलः

१ खेल संचालन हुने स्थानः

स्थानः माछापुच्छ्रे माध्यमिक विद्यालय अन्नपूर्ण -२ कास्कीः भलिबल, दौड, ज्याभलिङ थ्रो, सटफुट, लङजम्प, त्रिपलजम्प

स्थानः मर्निङस्टार माध्यमिक विद्यालय अन्नपूर्ण -२ कास्कीः कबड्डी

२ खेलका किसिम र सहभागिताः

- भलिबलः छात्रा/छात्र दुवै तर्फः खेलाडी सङख्या ९ जना, टिम कोच १ जना, टिम व्यवस्थापक १ जना
- कबड्डी:छात्रा/छात्र दुवै तर्फः खेलाडी सङख्या १० जना, टिम कोच १ जना, टिम व्यवस्थापक १ जना

एथ्लेटिक्सः

क) दौड ( ट्र्याक) तर्फः

पत्र संख्या: २०८२/०८३

च.नः

छात्रा:१०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, रिले ४x १०० ,रिले ४x ४००

छात्रः १०० मि, २०० मि ,४०० मि, ८०० मि, १५०० मि, ३००० मि, रिले ४x १०० ,रिले ४x ४००

ख) उफ्रने र फ्याक्ने फिल्ड तर्फः

छात्राः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटफुट ८ पाउण्ड

छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउण्ड

३ खेलका नियमहरुः

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० ( पाचौं संशोधन) बमोजिम अंक प्रदान गर्ने र खेल खेलाइने छ ।
- खेलाडी चालु शैक्षिक सत्र २०८२ मा १८ वर्ष ननाघेको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थी हुनुपर्नेछ तथा निजको IEMIS मा पहिले नै नाम प्रविष्ट भईसकेको हुनुपर्नेछ साथै निज संग विद्यालयको परिचयपत्र अनिवार्य हुनुपर्नेछ ।
- भलिबल खेलमा सहभागी हुने विद्यार्थी एथ्लेटिक्स तर्फ सहभागी हुन पाउने छैनन् ।
- खेलाडीको आफ्नो खेल अनुसारको ड्रेस र जुत्ता स्वयम् आफै वा विद्यालयले व्यवस्था गर्नुपर्नेछ।
- प्रतियोगितामा सहभागी दर्ता २०८२ मंसिर ३ गते १:०० बजे भित्र गरिसक्नुपर्नेछ ।
- विद्यार्थीको वैद्यताको विषयमा कुनै विवाद भएमा विद्यालयको प्र.अ. नै जवाफदेही हुनुपर्नेछ ।
- भलिबल र कबड्डी खेल नकाउटको आधारमा र अन्य खेलहरु एथ्लेटिक्स संघको नियमानुसार खेलाइनेछ ।
- मिति २०८२।०८।०४ गते बिहान ठीक ११:०० बजे हुने मार्चपासका लागि खेलाडीहरु विद्यालयको झन्डा र ब्यानर सहित अनिवार्य उपस्थित हुनुपर्नेछ ।
- भाग लिने खेलाडीको अनुसूची १ को फर्ममा फोटो टाँस गरी विवरण भरी प्रधानाध्यापकले प्रमाणित गरी विद्यालयको छाप अनिवार्य रुपमा लगाई जन्मदर्ता प्रमाणपत्र सहित तोकिएको मितिमा फर्म पेश गर्नुपर्नेछ अन्यथा खेलाडीको फर्म दर्ता हुने छैन ।

चिरन्जीवी बराल
प्रमुख प्रशासकीय अधिकृत